पूर्वखोला गाउँपालिका
Purbakhoka Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

पूर्वखोला, पाल्पा
Purbakhoka, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province Nepal

पत्र संख्या/Letter No.: ०७७/७८
चलानी नं./Ref. No.: ७०६

मितिः२०७७।११।०४

श्री विद्यालय(सबै),
पूर्वखोला गाउँपालिका,पाल्पा।

विषयः भर्ना तथा जन्मदर्ता सम्बन्धमा।

प्रस्तुत विषयमा विद्यालयमा नयाँ भर्ना गर्ने क्रममा तथा परीक्षा फाराम र रजिष्ट्रेशन फाराम भर्ने क्रममा कतिपय विद्यालयहरुले विद्यार्थीको जन्मदर्ता प्रमाणपत्र संग यकिन/रुजु नगरि अभिभावकको मौखिक आग्रहमा नाम र जन्म मिति राखेर भर्ना गर्ने,आठ कक्षामा नाम र जन्म मिति परिवर्तन गरिदिने साथै उमेर नपुगेका विद्यार्थीको समेत भर्ना गरिदिने लगायतका कारणले समस्या सिर्जना भैरहेको हुँदा नयाँ विद्यार्थी भर्ना हुँदा र विभिन्न फाराम भर्दा तपसिलका कुरामा ध्यान दिनुहुन अनुरोध छ।

तपसिलः

१.विद्यार्थी भर्ना गर्दा अभिभावकको उपस्थितीमा अनिवार्य रुपमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी,अभिभावकको नागरिकताको प्रतिलिपी पेश गर्न लगाउने र सो संग यकिन/रुजु गरि विद्यार्थी भर्ना गर्ने।
२.उमेर नपुगेका विद्यार्थीको भर्ना नगर्ने ।
३.बार्षिक फाराम तथा विभिन्न फाराम भर्दा विद्यार्थीले भरेको विवरण राम्रोसंग रुजु गर्ने।
४.विद्यार्थीलाई जन्मदर्ता संसोधन गर्न उत्प्रेरित तथा निर्देशन नगर्ने।
५.संसोधन गर्ने समयसिमा भित्रका प्रमाणपत्रहरु विद्यालयले सहजिकरण गरि संसोधीत प्रमाण पत्र जारी गर्ने।
६.व्यक्तिगत घटना दर्ता भएको ६ महिना पछि संसोधन गर्न नमिल्ने कानूनी व्यवस्था भएकाले विद्यालयवाट जारी गर्ने सम्पूर्ण डकुमेन्टलाई राम्रो संग रुजु गरेर मात्र जारि गर्ने।

ज्ञानु प्रसाद पनेरु
प्रमुख प्रशासकीय अधिकृत

ज्ञानु प्रसाद पनेरु
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः-
श्री शिक्षा शाखा,पूर्वखोला गाउँपालिका,पाल्पाः-सम्पूर्ण विद्यालयहरुलाई सूचित गर्नुहुन।